# कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर बाँके
(लुम्बिनी प्रदेश, नेपाल)

पत्र संख्या : २०७७/०७८
चलानी नम्बर :

फोन नं. ०८१-५४०००९
फ्याक्स नं. ०८१-५४०३१८

## नगर प्रमुख कृषि बिशेष कार्यक्रमको लागि सुचना प्रकाशन गरिएको !

**प्रथम पटक प्रकाशित मिति २०७७/१२/१८**

यस कोहलपुर नगरपालिकाको आ.व.२०७७/०७८ को वार्षिक स्वीकृत **"नगर प्रमुख कृषि बिशेष कार्यक्रम"** लागि योग्यता पुगेका ब्यवसायिक कृषक, उद्यमी, कृषक समूह, सहकारी, फर्म वा कम्पनीलाई १५ दिन भित्रमा निम्न बमोजिमको कागजात सहित कोहलपुर नगरपालिका नगर कृषि शाखामा आवेदन दिन हुनका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**१. आवश्यक कागजातहरु :**

- कृषक समूह, सहकारी, फर्म वा कम्पनी दर्ताको प्रमाण पत्र ।
- नागरीकताको प्रमाण पत्रको प्रतिलिपी
- निवेदन
- जग्गाको लालपुर्जा प्रमाण पत्रको प्रतिलिपी, ऐलानी प्रति जमिन भए जग्गाको क्षेत्रफल खुलेको सम्बन्धित वडाको सिफारिस पत्र वा जग्गा भाडामा भए सम्फौताको प्रतिलिपी
- कोभिड प्रभावित भई विदेशवाट फर्किएको हकमा पिसिआर, आरडिटि परिक्षण वा क्वारेन्टाईनमा बसेको प्रमाण पत्रको प्रतिलिपी
- वडा कार्यालयको सिफारिस पत्र

२ . **कार्यक्रमले समेटने क्षेत्र :** यस कार्यक्रम अर्न्तगत तपशिल वमोजिमको क्षेत्रमा काम गरिनेछ ।

क) मौसमी तथा बेमौसमी तरकारी खेति (च्याउ समेत)

ख) बेमौसमी मकै खेति

ग) फलफुल खेति (काँगती, कटहर, अँगुर,आँप, लिची,मेवा र केरा खेती)

नोट : काँगती, कटहर, आँप र लिची खेति गर्ने कृषकको हकमा आफ्नो स्वामीत्व भएको कम्तीमा समुहका प्रति कृषक ५ कट्ठा जमीन हुनुपर्नेछ ।

..........................

छविलाल नेपाली
(प्रमुख प्रशासकीय अधिकृत)
प्रमुख प्रशासकीय अधिकृत

"हरित संगम स्थल हाम्रो शहर: सुन्दर समृद्ध कोहलपुर नगर"
ईमेल : kohalpurmun@gmail.com, info@ kohalpurmun.gov.np वेवसाईट : WWW.kohalpurmun.gov.np
फोन नं. ०८१-५४०३१८, ५४००९